
# विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अनुक्रमणिका

# प्रतिवेदन

# २०८१




## वीरेन्द्रनगर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## वीरेन्द्रनगर सुर्खेत

## कर्णाली प्रदेश,नेपाल

## विषयसूची

१.पृष्ठभुमि ....................................................................................................................३

२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अनुक्रमणिकाको अध्ययन उद्देश्य..................................................४

३ विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन अनुक्रमणिका अध्ययनमा प्रयोग विधिहरु.........................................५

४.१ विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन अनुक्रमणिका अध्ययनको सारांस ................................................ ६

४.२ विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन अनुक्रमणिका तालिका ..................................१८

४.३ गतवर्षको कार्ययो्जनाको प्रगति (Progress on last year action plan) ..........................................२१

४.४गतवर्षको मुख्य व्यावहारीक वा प्रयोगात्मक परीवर्तनहरु .......................................................................२३

४.५ सरोकारवालाको धारणा तथा अभिव्यक्तिहरु ...................................................................................२४

४.५ यस वषको कार्यक्रम ......................................................................................................... २४

५ सल्लाह सुझावहरु ........................................................................................... ............२५

५.१ विपद् व्यवस्थापन समिति बैठक र सहभागीता .............................................................................२६

५.२ अनुसूची तथा प्रमाणहरु ......................................................................................................२७

५.३ अनुसूची फोटोहरु ..............................................................................................................२७

## १.पृष्ठभुमि :

सुर्खेत जिल्ला चुरे पहाड र महाभारत शृङ्खलाको बीचमा अवस्थित कमजोर भू-धरातल भएको पहाडी जिल्ला हो। यो जिल्ला २८० २०''-२८० ५८'' उत्तरी अक्षांश र ८०० ५९''-८२० ०२'' पूर्वी देशान्तरभित्र रहेको छ। समुन्द्र सतहबाट १९८ मिटर देखि २३६७ मीटरसम्मको उचाईमा रहेको यसको कुल क्षेत्रफल २४५१ वर्ग कि.मि. रहेको छ । वीरेन्द्रनगर नगरपालिका नेपालको कर्णाली प्रदेशको प्रवेशद्वार हो र जिल्लाको सदरमुकामको रुपमा अवस्थित छ। यो नगरपालिका १६ वटा वडामा विभाजित छ र ३ वटा वडा कार्यलय भौगोलिक रुपमा पहाडी क्षेत्रमा अवस्थित छन भने अन्य १३ वटा वडाहरु उपत्यकामा अवस्थित छन। वीरेन्द्रनगर नगरपालिकाको कूल जनसङ्ख्या १,१५,३८६ रहेको छ, यसमा ५६,३९२ पुरुष र ५८,९९४ महिला रहेका छन्। यस नगरपालिकामा कूल घरधुरी २९३१६ रहेको छ। *(स्रोत वीरेन्द्रनगर नगरपालिका प्रोफाइल २०७५, पृष्ठ सङ्ख्या ७१)*

भेरी नदी लगाएत, झुप्राखोला, गिरीघाटखोला, सोतखोला, नेवारेखोला, इत्रामखोला, खोर्केखोला एवम् निकासखोला जस्ता नदी र खोलाहरु नगरको भूभाग भएर बग्ने भएकाले यो जिल्ला बाढीको उच्च जोखिममा रहेको छ। वीरेन्द्रनगर नगरपालिका बहु प्रकोपको दृष्टिले उच्च जोखिम भएको पालिकाको हो। वीरेन्द्रन्गार नगरपालिकाको भौगोलिक अवस्थिति, धरातलिय स्वरुप, माटो, जलवायु विविधता र संवेदनशीलता नै प्रकोपका मुख्य कारण हुन्। खासगरी भौगोलिक अवस्था, प्राकृतिक श्रोतसाधनको उचित व्यवस्थापनको अभाव, अवैज्ञानिक भू-उपयोग, असुरक्षित संरचना निर्माण जस्ता कारणले पहिरो, बाढी , आगलागी एवं जलउत्पन्न प्रकोपहरु सिर्जना भईरहेको छ।

यस प्रकारका विपद् तथा विपद् जन्य घट्नाहरुलाई व्यवस्थापन तथा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनको लागी नरपालिकाले समिक्षा गरी सो बमोजिम स्वमुल्याँकन सहितको कार्ययोजना बनाई कार्यान्वयन गर्दा विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापमा सहज हुने देखिन्छ। वीरेन्दनगर नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अनुक्रमणिका सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँगको सहकार्यमा तयार नेपाल परियोजनाले विकास गरेको एउटा साधन हो। यसलाई परियोजना अन्तर्गतका आठवटा नगरपालिकाहरूमा मुख्यगरी तिनीहरूको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रणाली र क्षमता अध्ययन गर्नको लागि परीक्षणको रूपमा सञ्चालन गरिएको छ। यस अनुक्रमणिकामा विपद् जाोखिम न्यूनीकरण रणनीतिका खास क्षेत्रहरूमा केन्द्रित १० वटा प्रमुख भागहरू र ६५ वटा सूचकहरू छन्। नेपालले यी १० वटा प्रमुख भागहरूलाई संयुक्त राष्ट्रसंघ विपद् जोखिम न्यूनीकरण कार्यालयको शहरी विपद् उत्थानशीलता सम्बन्धी कार्यक्रम अन्तर्गतको शहरहरूलाई उत्थानशील बनाउन दश अत्यावश्यक कुराहरू र यससँग सम्बन्धित सूचकहरूलाई नेपालको परिवेशअनुरूप हुनेगरी आवश्यक परिमार्जन गरी ग्रहण गरेको हो। यी प्रमुख भाग र सूचकहरू विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना **२०१८-२०३०** को लक्ष्य सूचक र प्राथमिकता प्राप्त कार्यहरूअनुरूप रहेका छन्। नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अनुक्रमणिकाका यी १० प्रमुख भागहरू निम्न छन्।

- विपद् उत्थानशीलता /जिवटता को लागि सांगठनिक तत्परता ।
- वर्तमान तथा भावी जोखिम परिदृश्यको पहिचान, बुझाइ तथा प्रयोग ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र उत्थानशीलताको लागि वित्तीय क्षमता अभिवृद्धि ।
- सुरक्षित शहर र उत्थानशील /जिवट शहरी विकाशलाई अपनाउँ ।
- पारिस्थितिकीय प्रणालीको संरक्षण गरी तिनले गर्ने सुरक्षात्मक कार्यको अभिवृद्धि ।
- संस्थागत क्षमता अभिवृद्धि ।
- उत्थानशीलताको लागि सामाजिक क्षमता अभिवृद्धि ।
- पूर्वाधार उत्थानशीलता / जिवटतामा वृद्धि ।
- विपद् पूर्वतयारी तथा प्रभावकारी प्रतिकार्य ।
- आघात पछिको पुनर्लाभ तथा अझ सुरक्षित, राम्रो र बलियो निर्माण

युएसएआईडिको तयार नेपालको जोखिम व्यवस्थापन परीयोजना अन्तरगत २०२० देखि यस वीरेन्द्रनगर नगरपालिका संग साझेदार गर्दै विभिन्न कार्यहरु गरिरहेको छ । साथै २०२३ मा यस नगरपालिकामा गरिएको विपद् जोखिम न्युनिकरण र व्यवस्थापनमा उत्तम अवस्था मानिएको थियो भने निरन्तर रुपमा २०८१ मा गरिएको स्वमूल्याङ्कन अन्तरगत नगरपालिकाले गरेको स्वमूल्याङ्कनको प्रतिवेदन अनुसार उत्तम नतिजा २०२४ मा १५१ अंक सहित ९४ प्रतिशत प्राप्त गरी उत्तम अवस्थामा पुगेको पाईन्छ ।

यसवर्ष वीरेन्द्रनगर नगरपालिकाको वातावरण विपद् व्यवस्थापन शाखाले तय गरेको नगरपालिकाको विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन अनुक्रमणिका २०८१ लाई विभिन्न शाखाहरु संग समन्वय गरी मिति नगर विपद् विपद् व्यवस्थापन समितिको मिति २०८१ भाद्र १७ गतेको बैठकमा छलफल अनुरुप तयार गरीएको छ । गत वर्षको सिकाईको आधारमा यस वर्ष २०८१ मा नगरपालिकामा गरीएको विपद् जोखिम न्युनिकरण र व्यवस्थापनमा अनुक्रमणिकामा विपद् जाेखिम न्यूनीकरण रणनीतिका खास क्षेत्रहरूमा केन्द्रित १० वटा प्रमुख भागहरू, ६५ वटा सूचकहरू छन् । नगरपालिकाले स्वमुल्यांकन भाद्र ५ गते देखि १६ गते सम्म गरीएको थियो । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अनुक्रमणिको स्वमुल्यांकनको लागी तयार नेपालले १० वटा मुख्य भागहरूको प्रत्येक भागको लागि अङ्क प्रदान गरिने खास मापदण्डहरू विकास गरेको थियो र यही मापदण्डका आधारमा यस नगरपालिकाको अनुक्रमणिका अध्ययन गरियो । प्रत्येक सूचकहरूलाई ०-३ अङ्कमा बाँडिएको थियो ।

## २. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अनुक्रमणिका अध्ययनको उद्देश्य :

यस वीरेन्द्रनगर नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अनुक्रमणिका अध्ययनको उद्देश्य निम्न रहेका छन् :

- नगरपालिकाको सम्बन्धित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्ययोजना कार्यान्वयन गर्दाको प्रगति र चुनौतीहरूको अनुगमन तथा समीक्षा गर्न सहयोग गर्ने ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रणाली र क्षमताहरूमा नगरपालिकाको सबल पक्षहरू पत्ता लगाउने ।

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रणाली र क्षमताहरूमा रहेका कमीकमजोरीहरू पहिचान गर्ने ।
- पहिचान गरिएका कमीकमजोरीहरूमा आधारित रहँदै सोको सम्बोधन गर्ने कार्ययोजना विकास गर्ने ।
- नगरपालिका तहका योजना तथा कार्यक्रमहरूमा यी अनुक्रमणिकालाई आत्मसात गर्दै अन्ततः स्वमूल्याङ्कन प्रणालीलाई निरन्तरता दिने ।

## ३. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अनुक्रमणिका अध्ययनमा प्रयोग विधीहरु :

वीरेन्द्रनगर नगरपालिकामा विभिन्न विधी तथा प्रकृयाहरुको प्रयोग गरेर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अनुक्रमणिको अध्ययन तथा स्वमूल्याङ्कन गरीएको छ ।

- वातावरण विपद् व्यवस्थापन शाखाले समन्वय गरी छलफल गरी तयार गरीएको ।
- फोकस ग्रुप छलफल विधिको प्रयोग गरी प्रश्नावलिहरुको छलफल गरीएको ।
- विपद् संग सम्वन्धित ऐन कानुन , नीति नियम हरु अध्ययन गरी, बैठक पुस्तिका र भनाईलाई पृष्टि मानि नगरपालिकाको वेव साईडवाट डाउनलोड गरी प्रमाणहरु संकलन गरीएको ।
- नगरपालिकाको आधिकारी नेतृत्व मेयर,उपमेयर लगाएत वातावरण विपद शाखा, पुर्वाधार शाखा लगाएतका शाखाहरु संग समन्वय गरी विभिन्न समयमा गरीएका अध्ययन प्रतिवेदन र समिक्षाका आधारमा तथ्य सहित छलफल गरी प्रतिवेदन गरीएको छ ।
- प्रश्तुतिकरण विधि, छलफल विधि, अध्ययन विधि, लगाएतको विधिहरु प्रस्तुत गरी प्रतिवेदन तयार गरीएको ।

## ४.सारांस :

## ४.१ विपद् जोखिम न्यूनीककरण तथा व्यवस्थापन अनुक्रमणिका अध्ययनको सारांश

वीरेन्द्रनगर नगरपालिकाले गरेको विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन अनुक्रमणिकालाई सारांसमा तलको तालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अनुक्रमणिकाका प्रमख भागहरूको लागि विस्तृत प्रमाण आधार र प्राप्त अङ्क प्रस्तुत गर्दछ। यी अङ्कहरू युएसएआईडि तयार नेपाल विपद् जोखिम व्यवस्थापन परीयोजना मार्फत विकास गरेको स्तरीय स्वीकृत अङ्क प्रदान प्रणालीको प्रयोग गरी लिइएका हुन् साथै यस नगरपालीकाले पनि उक्त सुचकहरुलाई प्रयाप्त प्रमाणको आधारमा प्राप्तांक प्रदान गरेको छ ।

**नगरपालिका : वीरेन्द्रनगर नगरपालिका** **मूल्याङ्कन मिति : भदौ ५ देखि १६ सम्म ,२०८१**

| क्र सं | प्रमुख भाग र सूचकाङ्क | प्राप्ताकं २०२३ | प्राप्ताकं २०२४ | टिप्पणी/आधार/कैफियत |
|---|---|---|---|---|
| १ | विपद् उत्थानशीलता/ जीवटको लागि साङ्गठनिक तत्परता **(Organization Readiness for Disaster Resilience)** | | | |
| १.१ | नगरपालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतियोजना (Local DRRM Plan) राष्ट्रिय विपद् जोखिम न्यूनिकरण रणनीति कार्य योजना (National DRRM Policy/Action Plan) अनुरूप तयार पारेको छ ? | ३ | ३ | - २०७९ भाद्र २३ गर्ने नगर विपद् व्यवस्थापन समितिको बैठक वाट स्विकृत बैठकको निर्णय र स्विकृत पत्र ।<br>- स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतिक कार्ययोजना (२०२२-२०३०), स्विकृति दस्तावेज ।<br>PDF 1.1 ,2, LDMC meeting minute 2079 8 sep 0;<br>PDF 1.1 स्थानीय विपद् जोखिम न्यूनीकरण रणन |
| १.२ | नगरपालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीति विपद जोखिम न्यूनीकरण राष्ट्रिय योजना (२०१८ ) अनुरुप बनाएको छ? | ३ | ३ | - स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतिक कार्ययोजना (२०२२-२०३०), स्विकृति दस्तावेज । २०७९ भाद्र २३ गर्ने नगर विपद् व्यवस्थापन समितिको बैठक वाट स्विकृत बैठकको निर्णय<br>PDF 1.1 ,2, LDMC meeting minute 2079 8 sep 0;<br>PDF 1.1 स्थानीय विपद् जोखिम न्यूनीकरण रणन |
| १.३ | नगरपालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सिफारिस गरिएको ऐन (2017 (२०७४) ढाँचामा तयार पारेको छ? | ३ | ३ | - नगर शभा बाट पारीत भई २०७६ बैशाख ४ मा राजपत्रमा प्रकासित भई कार्यान्वयन भएको । नगरपालिकाले विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले |

| क्र सं | प्रमुख भाग र सूचकाङ्क | प्राप्ताकं २०२३ | प्राप्ताकं २०२४ | टिप्पणी/आधार/कैफियत |
|---|---|---|---|---|
| | | | | सिफारिस गरेको २०७४ को ढाँचामा रहेको । 1.3DRR Act 2076 BNM.pdf |
| १.४ | नगरपालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली सिफारिस नियमावली 2019 (२०१९) गरिएको ढाँचामा तयार पारेको छ? | ० | ० | - वीरेन्द्रनगर नगरपालिकाले हाल सम्म तयार गरेको छैन । |
| १.५ | के विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (DRRM) नगरपालिकाको विकास रणनीति तथा कार्यक्षेत्र (स्थानिक (spatial) योजना, पूर्वाधार विकास, सामाजिक / सामुदायिक विकास, आपतकालीन योजना, आर्थिक योजना, लै.स.सा.स योजना) सँग एकीकृत गरिएको छ? | ३ | ३ | - नगरपालिकाको विकास रणनिति तथा कार्यक्षेत्र हरु पुर्वाधार विकास, आपतकालिन योजना, आर्थिक योजना सामाजिक सामुदायिक विकासमा नगर स्तरको विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन योजनामा एकिकृत गरीएको छ । योजना निति तथा कार्यक्रम मा समावेश गरीएको छ । 2 policy Birendrangar Municipality .pdf 1.5 intregrated plan at niti 2081.pdf |
| १.६ | के नगरपालिकासँग विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (DRRM) को लागि अधिकार प्राप्त एवं पर्याप्त मानव स्रोत भएको विषयगत शाखा/एकाइ छ? | ३ | ३ | - नगरपालिका संग DRRM को लागी छुटै शाखा र उपशाखा प्रयाप्त तालिम प्राप्त मानवश्रोत सहितको शाखा छ । 1.6 EDMS section responsibility .pdf |
| | **Sub Total** | १५ | १५ | |
| २ | वर्तमान तथा भावी जोखिम परिदृश्यको पहिचान, बुझाइ तथा प्रयोग **(Identify, understand and use current and Future Risk Scenarios )** | | | |
| २.१ | के नगरपालिका (नगरपालिकाको नेतृत्व एवं कर्मचारी) लाई आफ्ना क्षेत्रमा घट्न सक्ने मुख्य प्रकोप र यस्ता प्रकोपको सम्भावना बारे आवश्यक ज्ञान तथा बुझाइ छ ? (बहु-प्रकोप नक्सा, तथ्याङ्क, अन्तरालमा हुनसक्ने घटनाको अद्यावधिक विवरण, तथ्याङ्कको विश्वसनीयताको रूपमा) | ३ | ३ | - नगरपालिका का नेतृत्व तथा कर्मचारीहरु संगको छलफल अनुसार ८० प्रतिसत भन्दा बढि लाई आफ्ना क्षेत्रमा घट्न सक्ने मुख्य प्रकोप सम्वन्धि ज्ञान र बुझाई रहेको साथै विभिन्न तालिम तथा अभिमुखिकरण बाट क्षमता विकास भएको । |
| २.२ | के नगरपालिकाको नेतृत्व एवं कर्मचारीलाई प्रत्येक प्रकोप (Hazards) र संयुक्त प्रकोप परिदृश्य (Combined Hazards Scenarios) सम्बन्धी सम्मुखता | ३ | ३ | - नगरपालिका का नेतृत्व तथा शाखा प्रमुख र कर्मचारीहरु लाई ८० भन्दा बढि नेतृत्व कर्मचारीहरुलाई आफ्ना क्षेत्रमा घट्न सक्ने मुख्य प्रकोप सम्भावना सम्वन्धि ज्ञान र बुझाई रहेको छ । |

| क्र सं | प्रमुख भाग र सूचकाङ्क | प्राप्ताकं २०२३ | प्राप्ताकं २०२४ | टिप्पणी/आधार/कैफियत |
|---|---|---|---|---|
| | (Exposure) र संकटासन्नता (Vulnerability) को ज्ञान छ ? | | | |
| २.३ | के सम्मुखता (Exposure) र संकटासन्नता (Vulnerability) सम्बन्धी ज्ञानलाई नगरपालिकाको योजना प्रकृया (कार्यक्षेत्रहरु) मा एकीकृत गरिएको छ ? | २ | २ | - नगरपालिकाको योजना प्रक्रियामा सम्मुखता र सकटासन्नता सम्वन्धि ज्ञान नगरपालिका योजना प्रीक्रियामा एकिकृत गरीएको छ। २०८१/२०८२ को बजेटमा एकिकृत गरीएको छ । 2.3 Intregrated plan and policy 2080-2081 2.3 intregrated budget BNM .pdf 2.3 नीति तथा कार्यक्रम २०८१.pdf |
| २.४ | के नगरपालिका र सेवाप्रदायक निकाय बीच अत्यावश्यक पूर्वाधार, अत्यावश्यक सेवा (lifelines) र सार्वजनिक सेवाका जोखिम सम्बन्धी साझा बुझाइ (shared understanding) छ ? | ३ | ३ | - नगरपालिकाले ५ वटा सेवा प्रदायक निकाय स्वास्थ्य,सुरक्षा सेवा,सडक सञ्जाल,खानेपानि को सार्वजनिक सेवाका जोखिम सम्वन्धि बुझाईको आदान प्रदान हुन्छ । 2.3 intregrated budget BNM .pdf 2.4 Sharing meeting 2079 .pdf 2.4 Intregrated plan and policy .pdf |
| २.५ | के विपद् जोखिम न्यूनीकरण सम्पर्क व्यक्ति (DRR Focal Person), विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (DRRM) समितिका सदस्य र नगरपालिकाको नेतृत्व तह (मेयर र उप मेयर) बिच वातावरण, पूर्वाधार, अर्थव्यवस्था र सर्वसाधारण जनतामा पर्न सक्ने सम्भाव्य श्रेणीबद्ध प्रभाव (Cascading Impacts) का विषयमा न.पा.मा साझा समझदारी छ ? | ३ | ३ | - नगरपालिकाको फरक परीदृस्यमा वातावरण,पुर्वाधार,अर्थ सर्व साधारणमा पर्नसक्ने श्रेणिवद्ध सम्भाव्य प्रभाव बारेमा सवै ४ जनाको साझा बुझाई छ। 2.5 joint action plan .pdf 2.4 Intregrated plan and policy .pdf 2.4 Joint action plan 2080.pdf |
| २.६ | के नगरपालिकाले सर्वसाधारणलाई सम्भाव्य प्रकोप तथा जोखिम सम्बन्धी सूचना सबैले बुझ्ने माध्यम जस्तै प्रकोप नक्सा, जोखिम सम्बन्धी जानकारी र सार्वजनिक सञ्चारका माध्यमद्वारा सबैले बुझ्ने भाषामा दिने गर्दछ ? | २ | २ | - नगरपालिकाले सवैले बुझ्ने भाषामा सर्वसाधारणलाई सम्भाव्य प्रकोप तथा जोखिम सम्वन्धि सुचना दिन्छ विरेन्द्रनगरको स्थानिय भाषा नेपाली नै रहेको नेपाली रहेको । |
| | Sub Total | १६ | १६ | |
| ३ | | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन तथा उत्थानशीलताको लागि वित्तीय क्षमता अभिवृद्धि **(Strengthen Financial Capacities for DRRM for Resilience)** | | |

| क्र सं | प्रमुख भाग र सूचकाङ्क | प्राप्ताकं २०२३ | प्राप्ताकं २०२४ | टिप्पणी/आधार/कैफियत |
|---|---|---|---|---|
| ३.१ | के नगरपालिका सँग विपद् जोखिम न्यूनीकरण (पूर्व तयारी, अल्पी करण, निवारण, प्रतिकार्य, पुनर्लाभ र पुनर्निर्माण) को लागि विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन शीर्षक अन्तर्गत "विषयगत बजेट (Dedicated Budget)" छ ? | ३ | ३ | - नगरपालिकाले वार्षिक बजेटको ५ प्रतिसत भन्दा बढि बजेट विपद जोखिम न्युनिकरणको लागी छुटयाएको छ ।<br>2.3 3.2 नीति तथा कार्यक्रम २०८१.pdf<br>- |
| ३.२ | के नगरपालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना (DRRM Plan) कार्यान्वयन गर्न वार्षिक रूपले आवश्यक बजेट छुट्टयाउन सक्छ ? | २ | ३ | - नगरपालिकाले वार्षिक बजेटको ५० प्रतिसत बजेट विपद् जोखिम व्यवस्थापनमा उपलव्ध हुन्छ । साथै यस वर्षको बजेटलाई एकिकृत रुपमा बजेट तर्जुमा गर्दा विपद व्यवस्थापनामा सवै क्षेत्रको बजेट लाई आधार मानेर । साथै सवै वडा तथा नगरको बजेट विनियोजन भएको ।<br>बजेट_0.pdf 2.3 3.2 नीति तथा कार्यक्रम २०८१.pdf 2.3,3.2 Birendranagar Red B |
| ३.३ | विपद् जोखिम न्यूनीकरण (DRR) मा लगानी गर्न त्यहाँ भैपरि स्रोत/वाह्य स्रोत छ ? | ३ | ३ | - नगरपालिकाले विपद जोखिम न्युनिकरणको लागी अन्तर निर्भर समाज, रेडक्रस, तयार नेपाल संग, अत्तरनिर्भर समाज लगाएतका साझेदारी गरी लगानी भएको<br>3.4 MoU_Partners.pdf |
| ३.४ | के निजी क्षेत्रले विपद् जोखिम न्यूनीकरण (DRR) मा लगानी गर्नको लागि कुनै संयन्त्र / सहकार्य भएको छ? (संस्थागत सामाजिक उत्तरदायित्व, (CSR) सार्वजनिक निजी साझेदारीको माध्यमबाट) | २ | ३ | - नगरपालिकाले विपद जोखिम न्युनिकरणको लागी उधोग बाणिज्य संघ, मेघा बैक, इ सेवा,अन्तरप्रणा लगाएत संग समन्वय गरी लगानी सहकार्य भएको छ ।<br>- विभिन्न संघ संस्थाहरु सग समन्वय तथा सहकार्य गरेको छ। विपद् सम्पर्क व्यत्ति वाट जानकारी भएको छ ।<br>3.4 Provience gov agreement .pdf 3.4 Antar sarkar coordination agreem |

| क्र सं | प्रमुख भाग र सूचकाङ्क | प्राप्ताकं २०२३ | प्राप्ताकं २०२४ | टिप्पणी/आधार/कैफियत |
|---|---|---|---|---|
| ३.५ | के त्यहाँ समाजका विभिन्न क्षेत्र र व्यपार (निजी क्षेत्र) लाई उत्थानशील/जीवट (resilience) निर्माण गर्न सहयोग पुर्याउने वा कुनै प्रोत्साहन गर्ने संयन्त्र छ ? | २ | २ | - नगरपालिकाले समाजमा विभिन्न क्षेत्रमा जिवट निर्माण गर्न सहयोग पुरयाउने सञ्यन्त्र छ । विक्तिय छुट गर्ने तथा सम्मान गर्ने विजोन्यु तथा व्यवस्थापन ऐन २०७६ को दफा २३ मा उल्लेख ।<br>- *अनुसुचि १.३ विजोन्यु तथा व्यवस्थापन ऐन ०७६ परीच्छेद ७ दफा २३* |
| ३.६ | के बीमा वा अन्य जोखिम स्थानान्तरण गर्ने संयन्त्र उपलब्ध छ ? | ३ | ३ | - वीरेन्द्रनगर नगरपालिकामा घर र व्यावसाय विमाको लागी ई सेवा मार्फत सुरुवात गरीएको छ ।<br>3.6 E sewa insurence .pdf |
| ३.७ | नगरपालिका संग विपद ब्यबस्थापन कोष संचालन निर्देशिका सहितको कोष छ? | २ | २ | - नगरपालिकाको आफ्नै विपद् व्यवस्थापन कोष निर्दैशिका सहित परीचालन २०७७ मंसिर १५ देखि रापमा प्रकासित भई परीचालित भएको । 3.2 विपद् व्ययवस्थापन कोष सञ्चालन कार्यविधि |
| | **Sub Total** | १७ | १९ | |
| ४ | सुरक्षित सहर र उत्थानशील/ जीवट सहरी विकासलाई अपनाउँ **(Pursue Safer Cities and Resilient Urban Development)** | | | |
| ४.१ | के नगरपालिका सँग बहु-प्रकोप जोखिमको जानकारी एकीकृत गरी तयार गरेको भू-उपयोग योजना तथा भवन निर्माण संहिता छ? | ३ | ३ | - बहु प्रकोप जोखिम जानकारी सहितको भुउपयोग योजना छ। र भवन निर्माण सहिता बनाएको छ। कार्यन्व्ययन गर्ने बैठकककाे निर्णय ।<br>4.1वीरेन्द्रनगर_नगरपालिका_भौतिक योजना त 4.1 LDMC Meeting minute on RSLUP sen 4.1 Meeting minute RSLUP Dec.pdf<br>- |
| ४.२ | के भू-उपयोग योजना तथा भवन निर्माण मापदण्ड नगरपालिकामा कार्यान्वयन गरिएको छ? | २ | २ | - राष्ट्रिय भवन निर्माण सहिता प्रयोग गरेको छ, 4.1,2,4 BC of municipality .pdf |
| ४.३ | के नगरपालिका सँग उत्थानशीलता/जीवट (Resilience) प्रवर्द्धन गर्न सुरक्षित बस्ती विकासको क्षेत्र संलग्न गरी तयार गरेको नीति/रणनीतिक-योजना/एकीकृत-योजना/ऐन/नियम छ? | ३ | ३ | - वीरेन्द्रनगर नपा.मा बहु प्रकोप जोखिम जानकारी सहितको भुउपयोग योजना भैरहेको । साथै भु उपयोग निति बनाई सुरक्षित बस्ति व्यवस्थापन गर्न जग्गा एकिकरणको सुरुवात भएको छ ।<br>4.1,2,4 BC of municipality .pdf 4.1 Meeting minute implementaton RSLPl 4.3 land pooling feasibility study Muni |

| क्र सं | प्रमुख भाग र सूचकाङ्क | प्राप्ताकं २०२३ | प्राप्ताकं २०२४ | टिप्पणी/आधार/कैफियत |
|---|---|---|---|---|
| ४.४ | के नगरपालिकाले राष्ट्रिय भवन निर्माण संहिता लागु गरेको छ ? | ३ | ३ | - राष्ट्रिय भवन निर्माण सहिता प्रयोग भए पश्चात निर्माण गरीएका भवन र ५० प्रतिशत देखि माथीका भवनमा भवन निर्माण सहिता पालना भएको भनी नपा ईन्जिनियर बाट जानकारी भएको ।<br>PDF 4.1वीरेन्द्रनगर_नगरपालिका_भौतिक योजना त: |
| | **Sub Total** | ११ | ११ | |
| ५ | **पारिस्थितक प्रणालीको संरक्षण गरी तिनले गर्ने सुरक्षात्मक-कार्यको वृद्धि गरौँ (Safeguard natural ecosystems to enhance their protective functions)** | | | |
| ५.१ | के नगरपालिकाले पारिस्थितीक प्रणालीजन्य लाभको भूमिकालाई स्वीकार गर्दछ? | २ | २ | - तल्लो तथा माथिल्लो तटिय क्षेत्रमा हुने पारीस्थितिक प्रणालि जन्य लाभको भुमिकालाई मान्यता दिन्छ । |
| ५.२ | नगरपालिकाले पारिस्थितीक प्रणाली संरक्षण गर्न छिमेकी नगरपालिका सँग कुनै सहकार्य गरेको छ? | २ | २ | - नगरपालिकाले पारीस्थितिक प्रणालि संरक्षण गर्नको लागी भगिनि पालिकाको रुपमा गुर्भाकोटलाई सहकार्य गर्ने सम्झौता छ । PDF Birendranagar MoU all signed.pdf |
| ५.३ | नगर क्षेत्र भित्र पारिस्थितक प्रणाली तथा वातावरणको संरक्षण गरी "पर्यावरणमैत्री सहर/बस्ती" विकास गर्न कुनै नीति तथा कानुन लागु गरिएको छ? | २ | २ | - नगरपालिकाले पारीस्थितिक प्रणालि संरक्षण गर्नको लागी तथा वातावरण संरक्षण गर्न सरसफाई तथा वातावरण योजना बनाई कार्यन्वयन गरेको छ ।<br>PDF 5.3 Batabaran Sarakshan tatha Foha |
| ५.४ | के नगरपालिकाले जलवायु परिवर्तन अनुकूलन योजना जस्तै स्थानीय विपद् तथा जलवायु उत्थानशीलता योजना तयार गरेको र नपाले गर्ने विकास क्रियाकलापहरूमा उक्त योजनालाई मुलप्रवाहिकरण गरेको छ? | ३ | ३ | - नगरपालिकाल LDCRP बनाएको साथै यस बर्षको बजेट र नीति कार्यक्रममा पनि निर्माण तथा सडक निर्माण गर्दा ५ प्रतिसत वातावरण मा छुटयाउने निति तय गरीएको छ ।<br>PDF 5.4 LDCRP model .pdf PDF 5.4 mainstrmining policy 2080- 2081 BN |
| ५.५ | के नगरपालिका सँग प्राकृतिक समाधान (Natural Based Solutions: green/blue infrastructure (हरियो/निलो पूर्वाधार))लाई एकीकृत गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनमा वृद्धि गर्ने नीति छ? | २ | २ | - नगरपालिकाले नीति बनाई विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन वा जलबायु परीवर्तन अनुकुलनमा वृद्धि गर्ने निति छ । वातावरण संरक्षण शहरी सौन्दर्यता सम्वन्धि आव २०८०/२०८१ को **नीति** तथा कार्यक्रम रहेको छ ।<br>PDF 5.5 Green city promotion evedence . PDF 5.5 Green city in policy .pdf |
| | **Sub Total** | ११ | ११ | |

| क्र सं | प्रमुख भाग र सूचकाङ्क | प्राप्ताकं २०२३ | प्राप्ताकं २०२४ | टिप्पणी/आधार/कैफियत |
|---|---|---|---|---|
| ६ | संस्थागत क्षमता अभिवृद्धि (Strengthen Institutional Capacity) | | | |
| ६.१ | के नगरपालिकामा आवश्यक क्षमता र निर्धारित कार्य जिम्मेवारी सहितको स्थानीय विपद् व्यवस्थापन समिति गठन भई क्रियाशील रहेको छ? | ३ | ३ | - नगरपालिकामा आवश्यक क्षमता तथा कार्यविवरण विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन मा तोके अनुरुप गठन भई क्रिया सिल रहेको छ ।<br>6.1 Meeting minute of LDMC .pdf |
| ६.२ | स्थानीय विपद ब्यबस्थापन समिति विपद जोखिम न्यूनीकरण तथा ब्यबस्थापन ऐन वा अन्य कानुनी दस्ताबेज अनुरुप लैंगिक समानता तथा सामाजिक समावेशिकरणको (GESI) प्राबधान अनुसारको बनेको छ? | २ | २ | - नगरपालिकामा आवश्यक क्षमता तथा कार्यविवरण विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन मा तोके अनुरुप गठन भई क्रिया सिल रहेको छ तथा समावेसिकरण रहेको छ , सवै वडामा ऐन बमोजिम गठित छ ।<br>Final DPRP update 2079 of Birendranaga *विवरण DPRP को अनुसुचिमा रहेको छ ।* |
| ६.३ | के नगरपालिका सँग आवश्यक क्षमता सहित समुदाय/वडा तहका विपद् व्यवस्थापन समिति/निकाय रहेका छन्? | ३ | ३ | - नगरपालिकाका सवै वडामा विपद व्यवस्थापन समिति गठन भएको छ । *विवरण DPRP को अनुसुचिमा रहेको छ ।*<br>6.2,3 Final DPRP update 2079 of Birenc |
| ६.४ | समुदाय/ वार्ड तहका विपद व्यवस्थापन समितिसंग आवश्यक क्षमता छ? | ३ | ३ | - नगरपालिकाका सवै वडामा विपद व्यवस्थापन समिति गठन छ तर आवस्यक क्षमता ५० प्रतिसत समुदायमा रहेको विपद् फोकल पर्सन संगको छलफल बाट जानकारी प्राप्त भएको ।<br>6.4 Capicity assessment form and l 6.4 Capicity assessment form and l |
| ६.५ | समुदाय/ वार्ड तहका विपद व्यवस्थापन समिति राष्ट्रिय/ स्थानीय कानुन अनुसार मिल्दो देखिन्छन्? | ३ | ३ | - विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन बमोजिम सवै वडाहरुमा समावेसि समिति रहेको तथ्यांक देखिन्छ ।<br>6.5 WDMC meeting members .pdf |
| ६.६ | के सबैले बुझ्ने, प्रयोग गर्ने भाषा र सन्देशको माध्यमबाट बहु-प्रकोप जोखिम सम्बन्धी जानकारी समाजमा जनचेतना फैलाउन र शिक्षा अभियान समन्वय गरी सञ्चालन गरिएको छ? | २ | २ | - बहुप्रकोप जोखिम सम्वन्धि सरोकारवाला हरुको समन्वयमा सवैले बुझ्ने् भाषामा जनचेतना अभियान आयोजना गरेको छ। नपा को स्थानिय भाषा नेपालि रहेको र सो भाषा बाट नै जनचेतना अभियान गरीएको छ । |

| क्र सं | प्रमुख भाग र सूचकाङ्क | प्राप्ताकं २०२३ | प्राप्ताकं २०२४ | टिप्पणी/आधार/कैफियत |
|---|---|---|---|---|
| ६.७ | के नगरपालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (DRRM) र उत्थानशीलता / जीवटता सम्बन्धी क्षमता अभिवृद्धि तालिम नपाको सबै क्षेत्र/शाखा (सामाजिक, वाताबरण, योजना, भौतिक पूर्वाधार विकास , लेखा आदि ) लाई प्रदान गर्दछ? | ३ | ३ | - सवै क्षेत्रको सहभागीता रहन्छ । नगरपालिकाको तालिममा सवै समितिका सदस्यहरु सहभागी रहने व्यवस्था डिपिआरपिमा छ ।<br>Attendence sheet .pdf |
| ६.८ | ज्ञानको आदानप्रदान र अन्य नपाका उस्तै किसिमका चुनौतीहरूबाट सिक्नको लागि के नगरपालिकाले क्रियाशीलता पूर्वक खोजी गरिरहेको छ? | २ | २ | - छ, गुर्भाकोट नगरपालिकालाई भगिनि नपाको रुपमा सम्झौता गरी DRR Learning को सहसिकाई गरेको छ । ल्याण्डपुलिगको भ्रभणको प्रतिवेदन<br>6.8 Birendranagar MoU all signed.pdf<br>6.8 Field visit report_Landpooling.p |
| | **Sub Total** | २१ | २१ | |
| ७ | उत्थानशीलता/ जीवटता को लागी सामाजिक क्षमता अभिवृद्धि (**Strengthen Societal Capacity for Resilience)** | | | |
| ७.१ | के समुदाय र समुदायका सदस्य सम्भावित प्रकोप, जोखिम र सुरक्षित अभ्यासको बारेमा सचेत छन्? | २ | ३ | - ६० भन्दा बढि प्रतिसत समुदाय मानिसहरु प्रकोप जोखिम र सुरक्षित अभ्यास बारेमा सचेत भएका एवं नगरपालिकाले विभिन्न पुर्व अभ्यास र जोखिम बस्तिमा पुर्वसुचना प्रणालिको व्यवस्थापन गरेको छ ।<br>7.1 Early warning system .pdf<br>7.1 simulation at ward level (1).pdf |
| ७.२ | के नगरपालिका भित्रका प्रत्येक समुदायका सामुदायिक विपद् व्यवस्थापन समिति/समुदायमा आधारित संस्था र विपद् जोखिम न्यूनीकरण सँग सम्बन्धित समुदाय स्तरका संस्था विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सहभागी हुन्छन्? | ३ | ३ | - ५० प्रतिसत प्रत्येक समुदायमा पुर्व तयारी योजना छ, साथै उक्त योजना डिपिआरपि मा उल्लेख गरीएको छ तथा सवै वडामा आवस्यक सामाग्रीको व्यवस्थापन छ भने<br>- इरा तालिम, खोज तथा उद्धार समिति सुचिवद्ध गठित छन । |
| ७.३ | के नगरपालिकाले संकटासन्न समुदाय/नागरिकलाई नियमित तालिम कार्यक्रम प्रदान गरेको छ? | ३ | ३ | - सहयोगी संस्थाहरुमार्फत समुदायको क्षमता अभिवृद्धि गर्ने गरीएको छ, तयार,रेडक्रस आदि । कयाड्ढे,प्राथामिक उपचार आदि । 7.3 Training participants list .pdf |

| क्र सं | प्रमुख भाग र सूचकाङ्क | प्राप्ताकं २०२३ | प्राप्ताकं २०२४ | टिप्पणी/आधार/कैफियत |
|---|---|---|---|---|
| ७.४ | के निजी/व्यापारिक क्षेत्र सँग विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागी भैपरी/नियमित योजना छ? | २ | २ | - उधोग वाणिज्य संघ संघको योजना भएको तर दस्तावेज देखिएन । साथै तयार नेपाल मार्फत व्यावसाय निरन्तरता योजना व्यावसायिले बनाइका छन । |
| ७.५ | विपद् जोखिम न्यूनीकरण (DRR) सँग सम्बन्धित क्रियाकलापमा नागरिक सहभागिता र सूचना आदानप्रदान गर्न नगरपालिका कति प्रभावकारी छ? | ३ | ३ | - SMS polygon implementation, VHF set use.EWS established at Risk Area<br>7.1 7.5 Early warning system .pdf<br>- |
| | Sub Total | १३ | १४ | |
| ८ | पूर्वाधार उत्थानशीलतामा वृद्धि (Increase Infrastructure Resilience) | | | |
| ८.१ | के नगरपालिका सँग महत्त्वपूर्ण पूर्वाधार संरक्षण योजना वा रणनीति छ? (सम्बन्धित निकाय सँगको सहकार्यमा) | २ | २ | - वीरेन्द्रनगर नगरपालिका संग अस्पताल, शिक्षा यातायात, खानेपानि, विधुत, संचार लगाएतका पुर्वाधार संरक्षण योजना रहेको र जोखम संवेदनशिल भुउपयोग निति छ ।<br>8.1 Birendranagar Red Book 2081 .pdf |
| ८.२ | के कुनै अत्यावश्यक पूर्वाधार उच्च जोखिमयुक्त प्रकोप क्षेत्रमा अवस्थित छन्? | २ | २ | - २५ प्रतिसत भन्दा कम अत्यावश्यक पुर्वाधारहरु उच्च जोखिमा छ भन्ने छलफल भएको । नया बनेका भवनहरु सवै जोखिम विश्लेषण गरी बनाईएको छ । प्राविधिक संगको छलफल, |
| ८.३ | के कुनै सार्वजनिक पूर्वाधार उच्च जोखिमयुक्त प्रकोप क्षेत्रमा अवस्थित छन्? (विद्यालय, अस्पताल, सामुदायिक भवन, सरकारी कार्यालय) | २ | २ | - २५ प्रतिसत भन्दा कम सार्वजनिक पुर्वाधार पहिला निर्माण गरीएका भवनहरु भुकम्पिय दृष्टिले जोखिम भएको पुर्व छलफल जानकारी भएको । |
| ८.४ | के हाल रहेका सुरक्षा दिने खालका पूर्वाधार जोखिम सूचनाका आधारमा राम्रो सँग डिजाइन र निर्माण गरिएका हुन्? | २ | २ | - आधा भन्दा बढि हाल भएका सुरक्षात्मक पुर्वाधार जोखिम सुचनाका आधारमा राम्रो संग डिजाईन गरीएको , प्राविधिक संगको छलफल । |
| ८.५ | के कुनै ऐतिहासिक सम्पदायुक्त भवन/साइट (सांस्कृतिक, पुरातात्त्विक, प्राकृतिक तथा धार्मिक महत्त्वको) उच्च जोखिमयुक्त प्रकोप क्षेत्रमा अवस्थित छन्? | २ | २ | - कुनैपनि सम्पदाहरु उच्च जोखिम युक्त क्षेत्रमा नरहेको प्राविधिक संगको छलफल । |
| ८.६ | के खानेपानी र सरसफाइका सेवाहरू सम्भावित विपद्को "गरिष्ठ परिदृश्यमा | १ | १ | - खानेपानी भुप्रामा निर्भर हुने भएकोले तथा उपत्यका डुवान हुने भएकोले पनि गरिष्ट परीदृष्यमा ठुलो हिसामा अवररुद्ध हुने देखिन्छ । साथै कुवा तथा |

| क्र सं | प्रमुख भाग र सूचकाङ्क | प्राप्ताकं २०२३ | प्राप्ताकं २०२४ | टिप्पणी/आधार/कैफियत |
|---|---|---|---|---|
| | (worst case scenario)" नगरपालिकाको ठुलो हिस्सामा अवरुद्ध हुन् सक्छन्? | | | वोरीङ्गमा समेत डुवानको समस्याले असर गर्ने । तर राजमार्ग माथिल्लो भागमा कम समस्या हुने । |
| ८.७ | के यातायातका पूर्वाधारहरू सम्भावित विपद्को "गरिष्ठ परिदृश्यमा (worst case scenario)" नगरपालिकाको ठुलो हिस्सामा अवरुद्ध हुन् सक्छन्? के विपद्को समयमा यातायातका पूर्वाधार (सडक) र सडक छेउको क्षेत्र (Corridor) सुरक्षित रहन्छन्? (नगरपालिका क्षेत्र भित्र र अत्यावश्यकिय ठाँउहरुलाइ जोड्न नभइ नहुने) | १ | १ | - माथिल्लो तटिय क्षेत्र १४,१५,१६,वडामा गरिष्ट परीदृष्यमा ठुलो हिसामा अवरद्ध हुने देखिन्छ भने उपत्यकाको तल्लो तटिय क्षेत्रमा डुवान हुने देखिन्छ । छलफलमा जानकारी भएको । |
| ८.८ | के बिद्धुत सेवा सम्भावित विपदको "गरिष्ठ परिदृष्यमा (worst case scenario)" नगरपालिकाको ठूलो हिस्सामा अवरुद्ध हुन् सक्छ? के विपदको समयमा बिद्धुत पूर्वाधार र उक्त पूर्वाधार छैंउको क्षेत्र (Corridor) सुरक्षित रहन्छन्? (नगरपालिका क्षेत्र भित्र र अत्यावश्यकिय ठाँउहरुलाइ जोड्न नभइ नहुने) | १ | १ | - माथिल्लो तटिय क्षेत्र,१५,१६ विधुत सेवा नै नरहेको तथा बन क्षेत्रबाट लाईन भएकोले गरिष्ट परीदृष्यमा ठुलो हिसामा अवररुद्ध हुने देखिन्छ ।यस वर्ष नपाले विधुत लाईन विस्तार गर्ने योजना रहेको । |
| ८.९ | के दूरसञ्चार सेवा सम्भावित विपद्को "गरिष्ठ परिदृश्यमा (worst case scenario)" नगरपालिकाको ठुलो हिस्सामा अवरुद्ध हुन् सक्छ? | १ | १ | - गरिष्ट परीदृष्यमा ठुलो हिसामा अवरद्ध हुने देखिदैन, सौर्य उर्जा रहेको तथा मोवाईल टावर पनि राम्रो भएको ले सामान्य असर पर्न सक्ने छलफलमा आएको । |
| ८.१० | विपद्को "गरिष्ठ परिदृश्यमा (worst case scenario)" अपेक्षित ठुलो चोटपटकहरूको उपचार गर्न के पर्याप्त गम्भीर स्वास्थ्य-सेवा सामर्थ्य (Acute Healthcare Capabilities) छ? | १ | २ | - नगरपालिकाको गरिष्ट परीदृष्यमा ठुलो हिसामा अवरद्ध हुने देखिदैन, किनकि स्वास्थ्य चौकि, नगर अस्पताल तथा क्षेत्रिय अस्पताल पनि विननपा क्षेत्रमा रहेको र एम्वुलेन्सको व्यवस्था रहेको । |
| ८.११ | के "गरिष्ठ परिदृश्य (worst case scenario)" को समयको लागि न.पा.मा पर्याप्त क्षमतायुक्त "प्राथमिक-प्रतिकार्यकर्ता (first responder) छन्? | २ | २ | - First responsders ले प्रयाप्त समय दिन सक्छन र कर्णाली प्रदेश अस्पताल पनि नगरमा रहेको र स्वास्थ्य कर्मि र अस्पतालको सुचि डिपिआरपिमा राखिएको छ । |
| | **Sub Total** | **१७** | **१८** | |


| क्र सं | प्रमुख भाग र सूचकाङ्क | प्राप्ताकं २०२३ | प्राप्ताकं २०२४ | टिप्पणी/आधार/कैफियत |
|---|---|---|---|---|
| ९ | विपद् पूर्व तयारी तथा प्रभावकारी प्रतिकार्य (**Disaster Preparedness and Effective Response)** | | | |
| ९.१ | के नगरपालिका सँग पूर्व चेतावनी प्रणाली/पूर्वानुमान प्रणालीमा काम गर्नको लागि योजना अथवा कार्य सञ्चालन विधि छ? | २ | २ | - नगरपालिका संग पुर्व चेतावनि प्रणालिमा काम गर्नको लागी योजना छ र चालु अवस्थामा रहेको छ । । 9.1 EWS at Birendranagar.pdf |
| ९.२ | पूर्व चेतावनी प्रणाली (early warning system) मार्फत जनसङ्ख्याको कति हिस्सा सम्म पुग्न (सूचना दिन सकिन्छ? | ३ | ३ | - नगरपालिका ५० प्रतिसत जनसंख्याले पुर्व चेतावनि प्रणालि मार्फत सुचना पुग्ने देखिन्छ, रेडक्रसले छलफलमा भने बमोजिम ५४ प्रतिसतले थाहा पाएको एस एम एस मार्फत, साईरन तथा भिएच एफ सेट मार्फत । |
| ९.३ | के पूर्व चेतावनी प्रणाली (early warning system) तल्लो-तटीय क्षेत्रका मानिसको लागि सहयोगी छ? (उपल्लो-तटीय/तल्लो-तटीय र बिच (सिमाना)) | २ | २ | - पुर्व चेतावनि प्रणालि सबै क्षेत्रको लागी उपयोगी छ। भनेर फोकल व्यक्ति बाट जानकारी भएको । नगरपालिकाको आरएसएलयुपि बाट उपत्यकामा पुर्वसुचना प्रणालि थप गर्ने योजना अनुरुप तयार नेपाल संग समन्वय भई कार्य भैरहेको छ । |
| ९.४ | के नगरपालिका सँग आपत्कालिन पूर्व-तयारी तथा प्रतिकार्य योजना छ? | १ | १ | - DPRP नगरपालिकामा इन्डोर्स भई कार्यान्वयन र अध्यावधि भएको छ । मनसुन प्रतिकार्य योजना छ । 9.4 Final DPRP update 2079 of Birenc Final Monsoon preparedness plan 2 |
| ९.५ | सम्भावित "गरिष्ठ परिदृश्यमा (worst case scenario)" प्राथमिक-प्रतिकार्यकर्ताको कार्यलाई (first responder duties) सहयोग गर्न के नगरपालिका सँग मानव स्रोत छ? | २ | २ | - नगरपालिमकामा ८५ भन्दा बढि प्राथामिक प्रतिकार्यकर्ता स्वास्थ्यकर्मिहरु प्रत्येक वडाहरुमा परीचालित रहेका छन । डिपिआरपि सुचि समावेस गरीएको छ । |
| ९.६ | के नगरपालिका सँग अत्यावश्यक सामग्रीको सञ्चय/भण्डार(stockpile), अद्यावधिक सूचि र कार्य सञ्चालन विधि (SOP) तयारी अवस्थामा छ? | २ | २ | नगरपालिकाको आपतकालिन कार्य सञ्चालन केन्द्र र कार्यसञ्चालन कार्यविधि कार्यन्वयनमा छ। LEOC Meeitng minute EDMS meetin 9.8 Final LEOC_SOP_BNM.pdf |
| ९.७ | के नगरपालिकाले घटना- पश्चात् (post-event) आफ्ना नागरिकलाई खुवाउन र आश्रय दिने कार्यलाई जारी राख्न सक्छ? | ३ | ३ | - ५० प्रतिशत नागरीकको लागी नगरपालिकाले घटना पश्चात खुवाउन तथा आश्रय दिन सक्छ, यस वर्ष आश्रय स्थल बनाउनको लागी पहल भएको । *नविव्यसमिति बैठक 1.1* |

| क्र सं | प्रमुख भाग र सूचकाङ्क | प्राप्ताकं २०२३ | प्राप्ताकं २०२४ | टिप्पणी/आधार/कैफियत |
|---|---|---|---|---|
| ९.८ | के नपामा सबै सरोकारकारवाला निकायको सहभागितामा आपत्कालीन कार्य सञ्चालन केन्द्र (emergency operations center) छ, "गरिष्ठ परिदृश्य (worst case scenario)" को विशेष रूपले सामना गर्न कार्य सञ्चालन विधिको पालना गरिएको छ? | २ | २ | - वीरेन्द्र नगरनगरपालिकाको आफ्नै आपतकालिका कार्यसञ्चालन केन्द्र तयार गरी कार्यन्वयन गरीएको छ । २०७८ जेष्ठ ५ उद्घाटन भई सञ्चालित छ भने कार्यविधि इन्डोर्स भई कार्यन्वयन नगरीएको छ ।<br>9.8 LEOC Meeting opening minute .pdf 9.8 Final LEOC_SOP_BNM.pdf |
| ९.९ | सर्वसाधारण र प्रतिकार्यकर्ता (responders) को संलग्नतामा आपत्कालीन पूर्वाभ्यास गरिएको छ? | १ | १ | - वीरेन्द्रनगर नगरपालिकामा एक पटक तयार मार्फत तथा एक पटक रेडक्रस मार्फत TTX simulation पनी गरीएका साथ साथै यस वर्ष प्रयास र तयार मार्फत गरी ४ वटा सिमुलेसन सम्पन्न भएको छ । *छलफल मा जानकारी भएको मिति अप्रिल ४ र सेप्टेम्वर ५ २०२१, मार्च २०२२ भएको । फेव्रवरी १७ २०२४* |
| | Sub Total | १८ | १८ | |
| १० | आघात पछिको पुनर्लाभ तथा अझ राम्रो र बलियो निर्माण (Recovery after shock and Build Back Better) | | | |
| १०.१ | के घटना-पश्चातको पुनर्लाभ तथा पुन:निर्माणको निम्ति रणनीति र/वा कार्य योजना (आर्थिक, सामाजिक पुनर्लाभ संलग्न) तयार गरिएको छ? | ३ | ३ | - TAYAR Nepal and UNDP संग समन्वय गरी EPR बनाई कार्यन्वयन गरीएको । |
| १०.२ | के घटना-पश्चातको अध्ययन प्रक्रियाले विफलता विश्लेषण र सिकाइलाई ग्रहण (Capture)गर्ने क्षमतालाई संलग्न गर्छ जुन आयोजना पुनर्निर्माणको डिजाइन र बितरण(Delivery) गर्न सहयोगी हुन्छ? | ३ | ३ | - घटना पछिको नगरपालिकामा आएको निवेदन, स्थालगत अनुगमन तथा छलफल गरी निर्णय गर्ने चलन छ ।<br>10.2 Learning Recovery meeting mi 10.2 LDMC Meeting minute 2024 (3).pdf<br>- |
| १०.३ | के घटना-पश्चातको पुनर्लाभ अर्थिक-संरचनालाई परिभाषित/बोध गरिएको छ र के त्यो पहुँचयोग्य छ? | २ | २ | - UNDP and USAID Tayar BNA मार्फत सहकार्य गरी तयार भएको ।<br>10.3 ERP Municipality .pdf |
| १०.४ | के नगरपालिकाले पुन:निर्माणको लागि बजेट विनियोजनको व्यवस्था गरेको छ? | १ | १ | - नगरपालिका संग ढलव्यवस्थापनको लागी बजेट विनियोजन गरेको छ आव २०८० र २०८१ को कार्यक्रम तथा बजेट सिटमा उल्लेखित छ ।<br>10.4 niti tatya karyakaram 079-80 pg 20 .pdf 2.3,3.2 , 10.2 Birendranagar Red B |
| | **Sub Total** | ९ | ९ | |
| | **Total** | | | |

## ४.२ विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन अनुक्रमणिका तालिका

| क्रस | सुचकहरु | जम्मा भार | नजिजा | प्रतिशत | अवस्था |
|---|---|---|---|---|---|
| १ | विपद् उत्थानशीलता /जिवटता को लागि सांगठनिक तत्परता । | १८ | १५ | ८३% | उत्तम |
| २ | वर्तमान तथा भावी जोखिम परिदृश्यको पहिचान, बुझाइ तथा प्रयोग । | १६ | १६ | १००% | उत्तम |
| ३ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र उत्थानशीलताको लागि वित्तीय क्षमता अभिवृद्धि । | १९ | १९ | ९५% | उत्तम |
| ४ | सुरक्षित वस्ति र उत्थानशील शहरको अवलम्वन | ११ | ११ | १००% | उत्तम |
| ५ | पारिस्थितिकीय प्रणालीको संरक्षण गरी तिनले गर्ने सुरक्षात्मक कार्यको अभिवृद्धि । | ११ | ११ | १००% | उत्तम |
| ६ | संस्थागत क्षमता अभिवृद्धि । | २१ | २१ | १००% | उत्तम |
| ७ | उत्थानशीलताको लागि सामाजिक क्षमता अभिवृद्धि । | १४ | १३ | ९३% | उत्तम |
| ८ | पूर्वाधार उत्थानशीलता मा वृद्धि । | १९ | १८ | ९५% | उत्तम |
| ९ | विपद् पूर्वतयारी तथा प्रभावकारी प्रतिकार्य । | २२ | १८ | ८२% | उत्तम |
| १० | आघात पछिको पुनर्लाभ तथा अझ सुरक्षित, राम्रो र बलियो निर्माण | ९ | ९ | १००% | उत्तम |
| **समग्र नतिजा** | | **१६०** | **१५१** | **९४ %** | **उत्तम** |


## ४.२.१.विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन अनुक्रमणिका तालिका



## ४.२ .२ विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन अनुक्रमणिका २०20 देखि २०२४ सम्मको अन्तर

| क्रस | सुचकहरु | जम्मा भार | ०२०को नतिजा | प्रतिशत | ०२१/०२२ को भार | २०२१ को नतिजा | २०२१ मा प्रतिशत | २०२२ को नतिजा | २०२२ मा प्रतिशत | २०२३ को भार | २०२३ को नतिजा | २०२३ मा प्रतिशत | २०२४ नतिजा | २०२४ मा प्रतिशत | बृद्धि अंक | अवस्था |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विपद् उत्थानशीलता /जिवटता को लागि सांगठनिक तत्परता । | १८ | ११ | ६१% | १८ | ११ | ६१% | १४ | ७८% | १८ | १५ | ७८% | १५ | ८३% | | |
| २ | वर्तमान तथा भावी जोखिम परिदृश्यको पहिचान, बुझाइ तथा प्रयोग । | १६ | ८ | ५०% | १६ | १३ | ८१% | १४ | ८८% | १६ | १६ | १०० % | १६ | १००% | | |
| ३ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र उत्थानशीलताको लागि वित्तीय क्षमता अभिवृद्धि । | १९ | ६ | ३२% | १९ | १२ | ६३% | १३ | ६८% | १९ | १७ | ८९% | १९ | ९५% | २ | बृद्धि भएको |
| ४ | सुरक्षित वस्ति र उत्थानशील शहरको अवलम्वन | ११ | ३ | २७% | ११ | ६ | ५५% | १० | ९१% | ११ | ११ | १०० % | ११ | १००% | | |
| ५ | पारिस्थितिकीय प्रणालीको संरक्षण गरी तिनले गर्ने सुरक्षात्मक कार्यको अभिवृद्धि । | ११ | ७ | ६४% | ११ | ८ | ७३% | ८ | ७३% | ११ | ११ | १०० % | ११ | १००% | | |
| ६ | संस्थागत क्षमता अभिवृद्धि । | २१ | ९ | ४३% | २१ | १५ | ७१% | २० | ९५% | २१ | २१ | १०० % | २१ | १००% | | |
| ७ | उत्थानशीलताको लागि सामाजिक क्षमता अभिवृद्धि । | १४ | २ | १४% | १४ | ९ | ६४% | ११ | ७९% | १४ | १३ | ९३% | १३ | ९३% | | |
| ८ | पूर्वाधार उत्थानशीलता मा वृद्धि । | १९ | १० | ५३% | १९ | ११ | ५८% | १६ | ८४% | १९ | १७ | ८९% | १८ | ९५% | १ | बृद्धि भएको |
| ९ | विपद् पूर्वतयारी तथा प्रभावकारी प्रतिकार्य । | १८ | ५ | २८% | २२ | १२ | ६७% | १७ | ७७% | २२ | १८ | ८२% | १८ | १००% | | |
| १० | आघात पछिको पुनर्लाभ तथा अझ सुरक्षित, राम्रो र बलियो निर्माण | ९ | २ | २२% | ९ | ८ | ८९% | ८ | ८९% | ९ | ९ | १०० % | ९ | १००% | | |
| **समग्रमा नतिजा** | | **१५६** | ६३ | ४०% | **१६०** | **१०५** | **६७%** | **१३१** | **८२%** | **१६०** | १४८ | **९३%** | १५१ | **९४%** | ३ | बृद्धि भएको |

४.२ .३ .विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन अनुक्रमणिका गत २०२१, २०२२,२०२३ र यस वर्ष २०२४ मा फरक



## ४.३ गतवर्षको कार्ययो्जनाको प्रगति (Progress on last year action plan)

| क्र. सं. | प्रमुख भागहरू | पहिचान गरिएका खास कमजोरीहरू | गर्नुपर्ने कार्यहरू | सम्पादन गरीएका प्रगतिहरु |
|---|---|---|---|---|
| १ | विपद् उत्थानशीलता ⁄जिवटता को लागि सांगठनिक तत्परता । | - नगरपालिकाले विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन नियमावलि तयार नगरेको ।<br>- | - जोखिम न्युनिकरण तथा व्यवस्थापन नियमावलि तयार गरी कार्यन्वययन गर्ने । | - छलफल भएको |
| २ | वर्तमान तथा भावी जोखिम परिदृश्यको पहिचान, बुझाइ तथा प्रयोग । | - सञ्चार रणनीति विकास नभएको । | - सञ्चार रणनीति विकास गर्ने । | - छलफल भएको |
| ३ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र उत्थानशीलताको लागि वित्तीय क्षमता अभिवृद्धि । | - निजी क्षेत्रलाई विपद् व्यवस्थापनमा सहकार्य गर्ने कार्य लाई कम प्राथमिकता ।<br>- नगरपालिकामा विमा वा जोखिम स्थानन्तरण सयन्त्र सम्वन्धि निति नभएको । | - निजी क्षेत्रलाई समेत संलग्न गराउँदै तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न बाह्य लगानी स्रोत बढाउने ।<br>- जोखिम स्थानन्तरण सम्वन्धि निति बनाउने । | - सङ्टासन्न समुदायलाई विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापमा कम प्राथमिकता दिएको ।<br>- निजि क्षेत्रसंग समन्वय गरी जोखिम न्युनिकरणको अभ्यास भएको छ ।<br>- जोखिम स्थान्तरणको लागी सुरक्षित बस्ति विकास गर्नको लागी एकिकृत बस्ति विकास गरीएको छ । |
| ४ | सुरक्षित शहर र उत्थानशील ⁄जिवट शहरी विकाशलाई अपनाउँ । | - जोखिम संवेदनशिल भुउपयोग योजना नभएको ,<br>- सुरक्षित बस्ती विकासको लागि नगरपालिकासँग नीति⁄रणनीतिक योजना⁄ एकीकृत योजना⁄ऐन⁄नियमावली नभएको | - सुरक्षित बस्ती विकासको लागि नगरपालिकासँग नीति⁄रणनीतिक योजना⁄ एकीकृत, नियमावली तयार गर्ने । | - वीरेन्द्रनगर नगरपालिकाले जोखिम संवेदनशिल भुउपयोग निति, योजना तथा भवन निर्माण संहिता तयार गरी कार्यन्वयन गर्ने तयारी गरेको छ ।<br>- सुरक्षित बस्ति विकासको लागी रणनिति तय भएको |
| ५ | पारिस्थितिकीय प्रणालीको संरक्षण गरी तिनले गर्ने सुरक्षात्मक कार्यको अभिवृद्धि । | - छिमेकि पालिका संग साझेदारी गरेको तर नियमित वैठक र छलफल गर्नुपर्ने देखिन्छ । | - पारिस्थितिकीय प्रणाली संरक्षणको लागि छिमेकी पालिकाहरूसँग नियमित बैठक र सहकार्य गर्ने । | - पारिस्थतिकिय प्रणाली संरक्षणको लागी नगरपालिकामा छलफल एव सहकार्य भएको । |
| ६ | संस्थागत क्षमता अभिवृद्धि । | - स्थानीय विपद् व्यवस्थापन समिति र वडा विपद् व्यवस्थापन समितिका नीति निर्माणमा समाजका वञ्चित | - स्थानीय विपद् व्यवस्थापन समिति र वडा विपद् व्यवस्थापन समितिका नीति | - स्थानीय विपद् व्यवस्थापन समिति र वडा विपद् व्यवस्थापन समितिका नीति निर्माणमा समाजका वञ्चित |

| क.सं. | प्रमुख भागहरू | पहिचान गरिएका खास कमजोरीहरू | गर्नुपर्ने कार्यहरू | सम्पादन गरीएका प्रगतिहरु |
|---|---|---|---|---|
| | | वर्गलाई कम सहभागीता र समावेश गरीएको ।<br>- विषयगत क्षेत्रका कर्मचारीलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र उत्थानशीलताको लागि क्षमता निर्माण सम्वन्धि कम जानकारी | निर्माणमा समाजका वञ्चित वर्गलाई समावेश गर्ने । | वर्गलाई समावेश गर्ने अभ्यास गरीएको वडा न ११,४ मा<br>- विषयगत क्षेत्रका कर्मचारीलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र उत्थानशीलताको लागि क्षमता विकासका क्रियाकलापमा सहभागीता भएको । |
| ७ | उत्थानशीलताको लागि सामाजिक क्षमता अभिवृद्धि । | - समुदाय तह र सरोकारवालामा विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापनको लागी प्रयाप्त क्षमताको अभाव | - समुदाय तह र सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्न सम्भावित प्रकोप तथा विपद्को लागि सचेतना कार्यक्रम विकास गर्ने । | - वीरेन्द्रनगर नगरपालिकामा सरोरकारवालाहरुको क्षमता अभिबृद्धिकालागी सचेतनामुलक गतिविधिहरु गरीएको , पुर्वसुचना प्रणालिमा विस्तार, तालिम आदि । |
| ८ | पूर्वाधार उत्थानशीलता ⁄ जिवटतामा वृद्धि । | - संवेदनशील⁄महत्वपूर्ण पूर्वाधार संरक्षण योजना तथा रणनीति नभएको तथा कार्यान्वयन नभएको ।<br>- पुराना पूर्वाधार सुरक्षित नभएको । | - संवेदनशील⁄महत्वपूर्ण पूर्वाधार संरक्षण योजना तथा रणनीति बनाउने ।<br>- पुराना पूर्वाधारलाई मर्मत सुधार गर्ने रणनीति तयार गने | - पुराना पूर्वाधारलाई मर्मत सुधार गर्ने रणनीति बार्षिक योजना मा तथा रणनितिक कार्ययोजनामा समावेश गरीएको छ । |
| ९ | विपद् पूर्वतयारी तथा प्रभावकारी प्रतिकार्य । | - प्रतिकार्यकर्ताको विपद् व्यवस्थापनमा क्षमताको अभाव ।<br>- डिपिआरपि अपडेट गर्ने | - प्रतिकार्यकर्ताको क्षमता अभिवृद्धि गर्ने तालिम कार्यक्रम । | - क्षमता अभिबृद्धिलाई योजनामा समेटिएको छ । |
| १० | आघात पछिको पुनर्लाभ तथा अझ सुरक्षित, राम्रो र बलियो निर्माण | - नगरपालिकाको विपदपछिको पुनरलाभ तथा सुरक्षित वस्ति र पुननिर्माणको लागी दिर्घकालिन नितिको अभाव । | - विपद् घटनापछिको पुनर्लाभ र पुनर्निर्माणका लागि रणनीतिक कार्ययोजना लाई कार्यान्वयन गर्ने । | - विपद् घटनापछिको पुनर्लाभ र पुनर्निर्माणका लागि रणनीतिक कार्ययोजना बनाईएको छ । |

## ४.४ गतवर्षको मुख्य व्यावहारीक वा प्रयोगात्मक परीवर्तनहरु
**(Major Behavioral / practice changes from last year)**

वीरेन्द्रनगर नगरपालिकाले गरेको विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन अनुक्रमणिका लाई संक्षेपमा विश्लेषण गर्दा २०२३ मा तय गरीएका योजनाको आधारमा यस वर्ष २०२४ मा विभिन्न क्रियाकलापहरु सम्पन्न गरी विभिन्न परीवर्तनहरु भएका छन ।

- आपतकालिन कार्यसञ्चालन केन्द्र लाई थप व्यवस्थित बनाई कार्यात्मक बनाईएको छ ।
- नगरपालिकाको सुरक्षित बस्ति विकासको लागी एकिकृत बस्ति विकास योजना सहित कार्य गरीएको छ ।
- विपद् पुर्व तयारी तथा प्रतकार्य, मनसुन पुर्व तयारी तथा प्रतिकार्य योजना, बनाई कार्यन्वयन गरीएको छ ।
- नगर विपद् व्यवस्थापन समिति सामाजिक समावेशिकरण सहित सक्रिय सहभागीता रहेको छ ।
- वडा स्तरमा विभिन्न सचेतनाका क्रियाकलापहरु, सिमुलेसन गरी सचेतना जगाईएको छ ।
- नगरपालिनकाको आव २०८१ र २०८२को को योजनामा विपद् जोखिम व्यवस्थापनका क्रियाकलापहरुमा जोड दिईएको छ ।
- विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन रणनिति २०२२ देखि २०३० बनाई कायन्वयन भैरहेको छ ।
- नगरपालिकाको विपद् व्यवस्थापनको लागी निजि क्षेत्रसंगको सहकार्यमा जोड दिएको छ ।
  जेखिम युत्त बस्तिहरुमा पुर्व सुचना प्रणालीको व्यवस्थापन गरीएको छ ।


अन्नपूर्ण
annapurnapost.com
समाचार

विपद् व्यवस्थापनमा सक्षम बन्दै वीरेन्द्रनगर

## ४.५ सरोकारवालाको धारणा तथा अभिव्यक्तिहरु :

वीरेन्द्रनगर नगरपालिकाले गरेको विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन अनुक्रमणिका लाई सकारात्मक रुपमा लिएको छ । र स्वमुल्यांकन सम्वन्धमा विभिन्न व्यत्तित्वले यस प्रकार आफ्नो अवधारणा व्यक्त गर्नु भएको छ ।
*विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन अनुक्रमणिका स्वमुल्यांकनले विपद् जोखिम व्यवस्थापनको क्षेत्रमा योजना बनाउन तथा नगरपालिकाको विपद्को अवस्थालाई स्पस्ट बनाउन मदत पुगेको छ । हामि यस स्वमुल्यांकनलाई नगरपालिकाको वेवसाईडमा राखेर सवैलाई जानकारी गराउने छौ । मोहनमाया ढकाल नगर प्रमुख विरेन्द्रनगर नगरपालिका सुर्खेत ।*

## ४.६. यस वर्षको कार्ययोजना :

**Table: Action plan to mitigate the gap identified during DRRM index self-assessment**

| क्रसं | प्रमुख भागहरू | पहिचान गरिएका खास कमजोरीहरू | गर्नुपर्ने कार्यहरू | जवाफदेहि र समय सिमा |
|---|---|---|---|---|
| १ | विपद् उत्थानशीलता /जिवटता को लागि सांगठनिक तत्परता । | - नगरपालिकाले विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन नियमावलि तयार नगरेको | जोखिम न्युनिकरण तथा व्यवस्थापन नियमावलि तयार गरी कार्यन्वयन गर्ने । | - नगरकार्यपालिका<br>- विपद् व्यवस्थापन शाखा , २०८१ मा |
| २ | वर्तमान तथा भावी जोखिम परिदृश्यको पहिचान, बुझाइ तथा प्रयोग । | - सञ्चार रणनीति विकास नभएको | सञ्चार रणनीति विकास गर्ने । | - नगरकार्यपालिका<br>- विपद् व्यवस्थापन शाखा,<br>- २०८१ भित्र |
| ३ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र उत्थानशीलताको लागि वित्तीय क्षमता अभिवृद्धि । | - सङ्कटासन्न समुदायलाई विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापमा कम प्राथमिकता दिएको ।<br>- नगरपालिकामा विमा वा जोखिम स्थानन्तरण सयन्त्र सम्वन्धि निति नभएको | - जोखिम स्थानन्तरण सम्वन्धि निति बनाउने । | - नगरकार्यपालिका<br>- विपद् व्यवस्थापन शाखा, भवन तथा बस्ति विकास शाखा<br>- २०८१मा |
| ४ | सुरक्षित शहर र उत्थानशील /जिवट शहरी विकाशलाई अपनाउँ । | - सुरक्षित बस्ती विकासको लागि नगरपालिकासँग नीति/रणनीतिक योजना/ एकीकृत योजना/ऐन/नियमावली नभएको | - सुरक्षित बस्ती विकासको लागि रणनीतिक योजना लाई कार्यन्वयन गर्ने । | - नगरकार्यपालिका<br>- विपद् विपद् शाखा<br>- भवन निर्माण,वस्ति विकाश शाखा<br>- २०७१/०८२ भित्र |
| ५ | पारिस्थितिकीय प्रणालीको संरक्षण गरी तिनले गर्ने सुरक्षात्मक कार्यको अभिवृद्धि । | - छिमेकि पालिका संग साझेदारी गरेको तर नियमित वैठक र छलफल गर्नुपर्ने देखिन्छ । | - पारिस्थितिकीय प्रणाली संरक्षणको लागि छिमेकी पालिकाहरूसँग नियमित बैठक र सहकार्य गर्ने । | - नगरकार्यपालिका<br>- वातावरण विपद् व्यवस्थापन शाखा मार्फत नियमित समन्वय गर्ने । |
| ६ | संस्थागत क्षमता अभिवृद्धि । | - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र उत्थानशीलताको लागि क्षमता निर्माण सम्वन्धि कम जानकारी । | - स्थानीय विपद् व्यवस्थापन समिति र वडा विपद् व्यवस्थापन समितिका नीति निर्माणमा समाजका वञ्चित वर्गलाई समावेश गर्ने कार्यलाई निरन्तरता दिने । | - नगरकार्यपालिका<br>- वातावरण विपद् व्यवस्थापन शाखा<br>- नियमित |
| ७ | उत्थानशीलताको लागि सामाजिक क्षमता अभिवृद्धि । | - समुदाय तह र सरोकारवालामा विपद् जोखिम न्युनिकरण तथा | - समुदाय तह र सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्न सम्भावित प्रकोप | - नगरकार्यपालिका |

| क्रसं | प्रमुख भागहरू | पहिचान गरिएका खास कमजोरीहरू | गर्नुपर्ने कार्यहरू | जवाफदेहि र समय सिमा |
|---|---|---|---|---|
| | | व्यवस्थापनको लागी प्रयाप्त क्षमताको अभाव | तथा विपद्को लागि सचेतना कार्यक्रम विकास गर्ने । | - वातावरण विपद् व्यवस्थापन शाखा मार्फत निरन्तरता दिने |
| ८ | पूर्वाधार उत्थानशीलता जिवटतामा वृद्धि । | - संवेदनशील/महत्वपूर्ण पूर्वाधार संरक्षण योजना तथा रणनीति नभएको पुराना पूर्वाधार सुरक्षित नभएको । | - संवेदनशील/महत्वपूर्ण पूर्वाधार संरक्षण योजना तथा रणनीति बनाउने ।<br>- पुराना पूर्वाधारलाई मर्मत सुधार गर्ने रणनीति तयार गने | - नगरकार्यपालिका<br>- वातावरण विपद् व्यवस्थापन शाखा,<br>- निरन्तर |
| ९ | विपद् पूर्वतयारी तथा प्रभावकारी प्रतिकार्य । | - प्रतिकार्यकर्ताको विपद् व्यवस्थापनमा क्षमताको अभाव । | - प्रतिकार्यकर्ताको क्षमता अभिवृद्धि गर्ने तालिम कार्यक्रम । | - वातावरण विपद् व्यवस्थापन शाखा,<br>- निरन्तर |
| १० | आघात पछिको पुनर्लाभ तथा अझ सुरक्षित, राम्रो र बलियो निर्माण | - नगरपालिकाको विपदपछिको पुनरलाभ तथा सुरक्षित वस्ति र पुननिर्माणको लागी दिर्घकालिन नितिको अभाव | - विपद् घटनापछिको पुनर्लाभ र पुनर्निर्माणका लागि रणनीतिक कार्ययोजना लाई कार्यान्वयन गर्ने । | - नगरकार्यपालिका<br>- कार्ययोजना अनूरुप गर्ने |

## ५ सल्लाह र सुझाव :

वीरेन्द्रनगर नगरपालिकाले गरेको विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन अनुक्रमणिका लाई आफ्नो स्वमुल्याकनको रुपमा लिई तयार गरेको छ । नगरपालिकाले विगतको सिकाईको आधारमा आत्म मुल्यांकन गरी राम्रो नतिजा ल्याउन सफल भएको छ । यति हुदा हुदै पनि केहि सल्लाह तथा सुझावहरु यस प्रकार रहेका छन ।


- विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन अनुक्रमणिका लाई सहज र छोटो बनाउदा पालिकाहरुलाई स्वमुल्यांकन गर्न सहज हुने देखिन्छ ।
- स्थानिय निकायले प्रयोग गर्ने लिजा संग समन्वय गरी कार्यन्वयन गर्न सकेमा समय तथा जनशक्तिको प्रयोग एकै समयमा हुने थियो ।

## ५.१ विपद् व्यवस्थापन समिति बैठक र सहभागीता :

मिति २०८१ भाद्र १७ गतेको वीरेन्द्रनगर नगरपालिकामा छलफल गरी विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन अनुक्रमणिका को नतिजामा छलफल गरी बैधानिकता प्रदान गरीएको छ ।

| सि. नं | नाम थर | पद | प्रतिनिधित्व संस्था |
|---|---|---|---|
| १ | मोहनमाया ढकाल | नगर प्रमुख | वीरेन्दनगर नगरपालिका |
| ३ | निलकण्ठ खनाल | नगर उपप्रमुख | वीरेन्दनगर नगरपालिका |
| ४ | कृष्ण प्रसाद जैसि | प्रमुख प्रशासकिय अधिकृत | वीरेन्दनगर नगरपालिका |
| ५ | खिमलाल देवकोटा | वतावारण विपद् व्यवस्थापन समति संयोजक | वीरेन्दनगर नगरपालिका |
| ६ | टिकाराम शर्मा | सार्वजनिक सेवा तथा सुशासन समिति संयोजक | वीरेन्दनगर नगरपालिका |
| ७ | ऋषि गिरी | आर्थिक विकास समिति सयोजक | वीरेन्दनगर नगरपालिका |
| ८ | टिका गुरुङ्ग | सामाजिक विकास समिति | वीरेन्दनगर नगरपालिका |
| ९ | लक्ष्मि चौधरी | विपद् व्यवस्थापन समिति सदस्य | वीरेन्दनगर नगरपालिका |
| १० | नवराज बम | विपद् व्यवस्थापन समिति सदस्य | जिल्ला प्रशासन कार्यालय |
| ११ | मान बहादुर विसि | विपद् व्यवस्थापन समिति सदस्य | प्रदेश प्रहरी कार्यालय |
| १२ | अजय डाङ्गि | विपद् व्यवस्थापन समिति सदस्य | जिल्ला प्रहरी कार्यलय |
| १३ | शैलेल्द्र सिलवाल | विपद् व्यवस्थापन समिति सदस्य | कालि बहादुर गण कपासे |
| १४ | लतित बसेल | विपद् व्यवस्थापन समिति सदस्य | पत्रकार महासंघ |
| १५ | प्रदिप्त पौडेल | विपद् व्यवस्थापन समिति सदस्य | रेडक्रस |
| १६ | प्रकाश पौडेल | विपद् व्यवस्थापन समिति सदस्य सचिव | वीरेन्द्रनगर नगरपालिका |
| १७ | दण्ड बहादुर विक | वडाध्यक्ष वडा न १६ | वीरेन्दनगर नगरपालिका |
| १८ | सरीता चौधरी | कार्यपालिका सदस्य | वीरेन्दनगर नगरपालिका |
| १९ | टंक प्रसाद लामिछाने | प्रशासन शाखा प्रमुख | वीरेन्दनगर नगरपालिका |
| | यामलाल गीरी | आपतकालिन कार्यसञ्चालन केन्द्र प्रमुख | वीरेन्दनगर नगरपालिका |
| २० | राजेश शानी | फिल्ड संयोजक | यूएसएआडिको तयार नेपाल |
| २१ | विवेक शाही | व्यवस्थापक | अन्तरनिर्भर समाज |

# ५.२ अनुसुचि तथा प्रमाणहरु :




# ५.३ अनुसुचि फोटोहरु



